नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

सम्पूर्ण कृषक वर्ग तथा सरोकारवालालाई विशेष अनुरोधः

आज मिति २०७७/०३/१५ गते नेपालको सिमा नजिकका भारतीय प्रान्तहरुमा सलहकीराको झुण्डहरु देखिएको जानकारी प्राप्त हुन आएकोले उक्त सिमा नजिकका स्थानहरुमा विशेष सजगता अपनाउन र व्यवस्थापनका उपायहरुका साथ तयारी अवस्थामा रहन सम्पूर्ण कृषक वर्ग र सम्बन्धित सरोकारवाला सबैमा विशेष अनुरोध गरिन्छ।

२०७७।३।१५

डा. हरि बहादुर के.सी.
प्रवक्ता

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सलह कीराको पहिचान र व्यवस्थापनको सम्बन्धमा कृषक वर्गका लागि प्राविधिक सन्देश।

### १. सलहलाइ कसरी चिन्ने?

- सलह झुण्डमा रहने प्रवृत्तिका फट्यांग्राको एक प्रजाती हो ।
- अपरिपक्व वयस्क गुलाबी र परिपक्व बयस्क पँहेलो रङ्गको देखिन्छ ।
- 
- परिपक्व बयस्क झण्डै चोर औंला जत्रो साइजको हुन्छ ।
- सलहको झुण्डहरु दिनको समयमा हावाको वहावसँग निकै टाढासम्म उड्न सक्दछन् ।
- सामान्यतया सूर्यास्त हुँदा सलहले रुख बिरुवा लगायतका स्थानहरुमा आश्रय लिन्छन् र बिहान सूर्योदयपछि केही समय घाम तापेपछि नजिकैको बोटबिरुवा खान्छन् र पुनः उडेर अन्यत्र जान सक्दछन् ।
- पानी परेको वा बादल लागेको अवस्थामा यो कम चलायमान हुन्छ ।
- सलह आगन्तुक किरा भएको र नेपालमा बंशवृद्धी गर्ने सम्भावना नभएको ।

### २. सलहले कसरी नोक्सानी गर्छ ?

सलहले बालीनाली, घाँसहरु, झारपातहरुका पात लगायत सबै किसिमका रुख बिरुवाहरुका पात, मुना लगायतका नरम वस्तुहरु खाएर नष्ट गर्छ । एउटा कीराले प्रतिदिन आफ्नो शरीरको तौल बराबर खान सक्छ । यसले प्रत्यक्ष रुपमा मानिस वा पशुन्छीलाइ क्षति गर्दैन ।

### ३. सलह आउँदै गर्दा के गर्ने ?

- सलहको झुण्ड आएको थाहा पाउनासाथ स्थानिय पालिका, कृषि ज्ञान केन्द्र वा स्थानिय सुरक्षा निकायमा तत्काल जानकारी गराउने ।
- कुनै स्थानबाट सलहको झुण्ड उडेर गएको थाहा पाउनासाथ कुन दिशामा गएको हो र झुण्डको आकार लगायतका सूचनाहरु स्थानिय पालिका, कृषि ज्ञान केन्द्र वा स्थानिय सुरक्षा निकायमा तत्काल जानकारी गराउने ।
- कतैबाट सलहको झुण्ड आउन सक्ने सूचना प्राप्त हुनासाथ चनाखो भइ समूदायमा सबैलाइ जानकारी गराउने ।
- सलहको झुण्ड घरभित्र समेत पसेर दुख दिन सक्ने भएकोले आउने सम्भावना भएमा झ्याल ढोका सावधानि पूर्वक बन्द गर्ने ।

### ४. सलहको आएमा कसरी व्यवस्थापन गर्ने?

- धेरै प्रोटीन युक्त कीरा भएकोले आएका झुण्डहरुलाइ जालोको पासोमा संकलन गरी जम्मा गरेर हाँस, कुखुराको आहारा बनाउन सकिन्छ ।
- यदि आफ्नो क्षेत्रमा बस्ने सम्भावना देखिएमा कुनै पनि माध्यम (जस्तैः ठूलो आवाज, धुवाँ, आदि) बाट बस्न बाधा पुर्‍याइ झुण्डलाइ अन्यत्रै मोडिदिने ।
- नर्सरी, करेसाबारी जस्ता साना क्षेत्रफलमा हुने खेतीमा झूल वा जालीले छोपेर पनि जोगाउन सकिन्छ ।
- टनेल भित्रको बालीलाइ वरिपरीबाट कीरा छेक्ने जालीले बेरेर जोगाउन सकिन्छ ।
- धानको ब्याडमा जाली वा त्रीपाल आदीले छोपेर जोगाउने र सो स्थानमा सलह आएको समयमा वा छिटो आउन सक्ने सम्भावना भएमा धान रोपाई केही दिन ढिलो गर्ने।
- खेतबारी वा घर नजिकै किराले आश्रय लिइरहेको पाइएमा तत्काल असर गर्ने बिषादीको प्रयोग गर्नु पर्छ । मालाथियन ५०% ई. सी. ३ मि ली वा ल्याम्डा साइहेलोथ्रीन ५% ई.सी. ०.७ मि.ली वा क्लोरपाइरिफोस २०% इ.सी.१.८८ मि ली वा डेल्टामेथ्रीन २.८ % ई.सी. प्रति लिटर पानीका दरले साँझपख वा बिहान सबेरै स्प्रेयरबाट छरेर मार्न सकिन्छ ।
- साथै अन्य ठूलो क्षेत्र सलहले आश्रय लिएको अवस्थामा तत्काल समन्वय गरि माथि उल्लेखित सिफरिस विषादीको घोल स्प्रे गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

सलह कीराको सम्बन्धमा थप जानकारीको लागि सम्पर्क:

1. सम्बन्धित पालिकाहरुका कृषि शाखा
2. कृषि ज्ञान केन्द्रहरु
3. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाका जोन तथा सुपरजोनहरु
4. कृषि अनुसन्धान केन्द्रका नजिकका कार्यालयहरु
5. सलह सूचना केन्द्रः प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
   सम्पर्क व्यक्तिः श्री रामकृष्ण सुवेदी, बरिष्ठ बाली संरक्षण अधिकृत
   फोन नं9851237944 .